# चौदण्डीगढी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
बेल्टार, उदयपुर
१ नं. प्रदेश, नेपाल

☎035-440247
chaudandigadhimun@gmail.com
www.chaudandigadhimun.gov.np

प.सं. : ०७९/०८०
च.नं. :

मिति : २०७९/१०/१७

## करारमा कर्मचारी लिने सम्बन्धी सूचना !

(प्रथम पटक प्रकाशित मितिः २०७९।१०।१७ गते)

यस चौदण्डीगढी नगरपालिकाको कार्यालय र यस अन्तर्गतका कार्यालयमा तपसिल बमोजिमका विभिन्न पदहरुमा सेवा करार मार्फत कर्मचारी नियुक्ति गर्नुपर्ने भएकाले योगयता पुगेका इच्छुक नेपाली नागरिकले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र तोके बमोजिमको ढाँचामा रितपूर्वक दरखास्त पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

| क्र.सं. | विज्ञापन नं. | पद/तह | माग पद संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | २०७९/०८०/०१ | कार्यक्रम संयोजक (छैठौं तह) | १ (एक) | सामी |
| २ | २०७९/०८०/०२ | पशु चिकित्सक (छैठौं तह) | १ (एक) | |
| ३ | २०७९/०८०/०३ | कृषि स्नातक (छैठौं तह) | १ (एक) | |
| ४ | २०७९/०८०/०४ | मनोसामाजिक परामर्शकर्ता (सहायक पाँचौ) | १ (एक) | सामी |
| ५ | २०७९/०८०/०५ | वित्तीय साक्षरता सहजकर्ता (सहायक पाँचौ) | १(एक) | सामी |
| ६ | २०७९/०८०/०६ | सामुदायिक मनोसामाजिक संयोजक | १ (एक) (महिला) | OCMC |
| ७ | २०७९/०८०/०७ | सामुदायिक मनोसामाजिक कार्यकर्ता | ७ (सात) (महिला) | OCMC |
| ८ | २०७९/०८०/०८ | उद्यम विकास सहजकर्ता (सहायक पाँचौ) | १(एक) | |
| ९ | २०७९/०८०/०९ | कम्प्युटर अपरेटर (सहायक पाँचौ) | १ (एक) | |
| १० | २०७९/०८०/१० | हेल्थ असिष्टेन्ट (सहायक पाँचौ) | ५ (पाँच) | |
| ११ | २०७९/०८०/११ | रेडियोग्राफर (सहायक पाँचौ) (नगर अस्पताल) | १ (एक) | |
| १२ | २०७९/०८०/१२ | रोजगार सहायक (सहायक पाँचौ) | १ (एक) | |
| १३ | २०७९/०८०/१३ | अ.हे.व. (सहायक चौथो) | २ (दुई) | |
| १४ | २०७९/०८०/१४ | अ.न.मी. (सहायक चौथो) | १४(चौध) | |
| १५ | २०७९/०८०/१५ | ल्याव असिष्टेन्ट (सहायक चौथो) | ४ (चार) | |
| १६ | २०७९/०८०/१६ | पोषण सहायक | १ (एक) | |
| १७ | २०७९/०८०/१७ | सहायक कम्प्युटर अपरेटर(सहायक चौथो) | ४ (चार) | |
| १८ | २०७९/०८०/१८ | उद्यम विकास सहयोगी (सहायक चौथो) | १(एक) | |
| १९ | २०७९/०८०/१९ | नायब प्राविधिक सहायक (सहायक चौथो) | ३ (तीन) | |
| २० | २०७९/०८०/२० | नायब पशु सेवा प्राविधिक (सहायक चौथो) | १(एक) | |
| २१ | २०७९/०८०/२१ | रिटर्नी स्वयंसेवक (श्रेणी विहिन) | ६(छ) | |

☎035-440247
chaudandigadhimun@gmail.com
www.chaudandigadhimun.gov.np

प.सं. : ०७९/०८०
च.नं. :
मिति : २०७९/१०/१७

| | | | | |
|---|---|---|---|---|
| २२ | २०७९/०८०/२२ | भारी सवारी चालक (दमकल) (श्रेणी विहिन) | १ (एक) | |
| २३ | २०७९/०८०/२३ | हलुका सवारी चालक (श्रेणी विहिन) | ४ (चार) | |

**परीक्षा मिति र स्थानः** प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन भएपश्चात जानकारी गराईनेछ ।

**परीक्षा दस्तुरः** अधिकृत छैठौं तहको लागि रु.१,२००/- , सहायक पाँचौ तहको लागि रु.७००/- तर रोजगार सहायक (सहायक पाँचौ) को हकमा रु.५०० मात्र , सहायक चौथो तहको लागि रु.५००/- , सामुदायिक मनोसामाजिक कार्यकर्ताको लागि रु.७००/-, सामुदायिक मनोसामाजिक कार्यकर्ताको लागि रु.५००, पोषण सहायकको लागि रु.५०० र श्रेणी विहिनको लागि रु. ३००/-परीक्षा दस्तुर लाग्नेछ ।

**दरखास्त दिने अन्तिम मितिः** मिति २०७९/११/०२ गते कार्यालय समय भित्र

**दरखास्त दस्तुर बुझाउने स्थानः** चौदण्डीगढी नगरपालिकाको राजश्व शाखा ।

**उम्मेदवारको उमेर हदः** दरखास्त दिने अन्तिम मिति सम्म छैठौं तहका लागि २१ वर्ष पुरा भई ३५ वर्ष ननाघेको (महिला तथा अपाङ्गता भएका उम्मेदवारको हकमा ४० वर्ष ननाघेको), पाँचौ, चौथो र अन्य तहका लागि १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको (महिला तथा अपाङ्गता भएका उम्मेदवारको हकमा ४० वर्ष ननाघेको) र श्रेणी विहिनको लागि १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको ।तर रोजगार सहायकको हकमा १८ वर्ष पूरा भई ४५ वर्ष ननाघेको र यस नगरपालिका र नगरपालिका अन्तर्गतका कार्यालयमा कार्यरत कर्मचारीहरुको हकमा उमेर हद लाग्ने छैन ।

**आवश्यक कागजातहरु :** करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधिको अनुसुची ३ अनुसारको दरखास्त फारम भरी ३ प्रति पासपोर्ट साईजको फोटो सहित तल उल्लेखित योग्यता पुगेका इच्छुक नागरिकहरुले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, अनुभवको प्रमाणपत्रको प्रतिलिपि, व्यक्तिगत विवरण (Bio-data) तथा शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी र आफुले आवेदन गर्न चाहेको पद प्रष्ट रुपमा खुलाई हस्तलिखित निवेदन सहित चौदण्डीगढी नगरपालिकामा पेश गर्नु पर्नेछ । तोकिएको समय भन्दा पछि आएका दरखास्त फारमहरुलाई मान्यता प्रदान गरिने छैन ।

**आवश्यक न्यूनतम योग्यता र परीक्षा किसिमः**

**१. कार्यक्रम संयोजक (छैठौं तह):-** मान्यता प्राप्त शिक्षण संस्थाबाट मानविकी तथा सामाजिक संकाय, व्यवस्थापन, कानुन वा सम्बन्धित अन्य विषयमा कम्तीमा स्नातक तह उत्तीर्ण गरी आधारभूत कम्प्यूटर सीप सम्बन्धी कम्तीमा ३ महिना तालिम लिएको ।

**परीक्षाको किसिमः** प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन र अन्तरवार्ता ।

**२. पशु चिकित्सक (छैठौं तह) :-** मान्यता प्राप्त विश्वविद्यालय वा शैक्षिक संस्थाबाट पशु चिकित्सा विषयमा कम्तीमा स्नातक तह उत्तीर्ण गरेको र पशु स्वास्थ्य सेवा परिषदमा दर्ता भएको साथै आधारभूत कम्प्यूटर सीप सम्बन्धी कम्तीमा ३ महिना तालिम लिएको ।

**परीक्षाको किसिमः** प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन र अन्तरवार्ता ।

☎035-440247
chaudandigadhimun@gmail.com
www.chaudandigadhimun.gov.np


प.सं. : ०७९/०८०
च.नं. :

मिति : २०७९/१०/१७

**३. कृषि स्नातक (छैठौं तह)**:- मान्यता प्राप्त विश्वविद्यालय वा शैक्षिक संस्थाबाट कृषि विज्ञानमा कम्तीमा स्नातक तह उत्तीर्ण गरी आधारभूत कम्प्यूटर सीप सम्बन्धी कम्तीमा ३ महिना तालिम लिएको ।

**परीक्षाको किसिमः** प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन र अन्तरवार्ता ।

**४. मनोसामाजिक परामर्शकर्ता (सहायक पाँचौ)**:- मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा प्रवीणता प्रमाणपत्र तह वा १०+२ वा सो सरह उत्तिर्ण गरी मनोसामाजिक परामर्श सम्वन्धी सामान्य ज्ञान भएको । वा मान्यता प्राप्त शैक्षिक संस्थाबाट हेल्थ असिस्टेन्ट, स्टाफ नर्स वा मान्यता प्राप्त विश्वद्यालयबाट पब्लिक हेल्थ, मनोविज्ञान, समाजशास्त्र, सोसिएल वर्कमा स्नातक तह, बि.एड.स्वास्थ्य शिक्षा, पोष्ट ग्राजुएट डिप्लोमा इन काउन्सेलिङ उत्तीर्ण गरेको साथै आधारभूत कम्प्यूटर सीप सम्बन्धी कम्तीमा ३ महिना तालिम लिएको ।

**परीक्षाको किसिमः** प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन र अन्तरवार्ता ।

**५. वित्तीय साक्षरता सहजकर्ता (सहायक पाँचौ)**:- मान्यता प्राप्त शिक्षण संस्थाबाट न्यूनतम प्रवीणता प्रमाण पत्र तह वा १०+२ उत्तिर्ण, प्रौढ शिक्षा वा बयस्क साक्षरता वा अध्यापनमा कार्यअनुभव भएको साथै आधारभूत कम्प्यूटर सीप सम्बन्धी कम्तीमा ३ महिना तालिम लिएको ।

**परीक्षाको किसिमः** प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन र अन्तरवार्ता ।

**६. सामुदायिक मनोसामाजिक संयोजक**:- मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक तह उत्तीर्ण गरी मनोसामाजिक क्षेत्रमा सामान्य अनुभव भएको साथै आधारभूत कम्प्यूटर सीप सम्बन्धी कम्तीमा ३ महिना तालिम लिएको ।

**परीक्षाको किसिमः** प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन र अन्तरवार्ता ।

**७. सामुदायिक मनोसामाजिक कार्यकर्ता**:- मान्यता प्राप्त शिक्षण संस्थाबाट कुनै पनि विषयमा प्रविणता प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण गरी सामाजिक क्षेत्रमा कार्य गरेको साथै आधारभूत कम्प्यूटर सीप सम्बन्धी कम्तीमा ३ महिना तालिम लिएको ।

**परीक्षाको किसिमः** प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन र अन्तरवार्ता ।

**८. उद्यम विकास सहजकर्ता (सहायक पाँचौ)**:- प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् (सिटिईभिटि) बाट उद्यम विकास सहजकर्ता सम्बन्धी डिप्लोमा कोर्ष उत्तीर्ण गरेको, वा प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् (सिटिईभिटि) बाट उद्यम विकास सहजकर्ता सीप परीक्षण तह २ वा ३ उत्तीर्ण गरेको, वा प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् (सिटिईभिटि) बाट उद्यम विकास सहजकर्ता सम्बन्धी प्राविधिक प्रवेशिका परीक्षा (टिएसएलसी) उत्तीर्ण गरेको साथै आधारभूत कम्प्यूटर सीप सम्बन्धी कम्तीमा ३ महिना तालिम लिएको ।

**परीक्षाको किसिमः** प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन र अन्तरवार्ता ।

**९. कम्प्युटर अपरेटर (सहायक पाँचौ)**:- मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्प्युटर विषय लिई प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण वा मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरी रजिष्टर्ड संस्थाबाट कम्तीमा ६ महिनाको कम्प्युटर तालिम प्राप्त वा मान्यता प्राप्त शिक्षण

☎035-440247
chaudandigadhimun@gmail.com
www.chaudandigadhimun.gov.np

प.सं. : ०७९/०८०
च.नं. :
मिति : २०७९/१०/१७

संस्थाबाट प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरी विज्ञान वा प्रविधि मन्त्रालयबाट स्किल्ड म्यानपावरको लागि सञ्चालित ६ महिनाको कम्प्युटर तालिम प्राप्त गरेको ।

**परीक्षाको किसिमः** प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन, कम्प्युटर सीप परीक्षण र अन्तरवार्ता ।

**१०. हेल्थ असिष्टेन्ट (सहायक पाँचौ):-** मान्यता प्राप्त शिक्षण संस्थाबाट सामान्य चिकित्सामा प्रमाणपत्र तह उत्तीर्ण गरेको र नेपाल मेडिकल काउन्सिलमा दर्ता भएको साथै आधारभूत कम्प्यूटर सीप सम्बन्धी कम्तीमा ३ महिना तालिम लिएको ।

**परीक्षाको किसिमः** प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन, प्रयोगात्मक र अन्तरवार्ता ।

**११. रेडियोग्राफर (सहायक पाँचौ):-** मान्यता प्राप्त शिक्षण संस्थाबाट रेडियोग्राफीमा प्रमाणपत्र तह उत्तीर्ण गरी NHPC मा दर्ता भएको साथै आधारभूत कम्प्यूटर सीप सम्बन्धी कम्तीमा ३ महिना तालिम लिएको ।

**परीक्षाको किसिमः** प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन, प्रयोगात्मक र अन्तरवार्ता ।

**१२. रोजगार सहायक (सहायक पाँचौ):-** नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा प्रवीणता प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण गरी आधारभूत कम्प्यूटर सीप सम्बन्धी कम्तीमा ३ महिना तालिम लिएको।

**परीक्षाको किसिमः** प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन, लिखित, कम्प्युटर सिप परीक्षण र अन्तरवार्ता ।

**१३. अ.हे.व. (सहायक चौथो):-** मान्यता प्राप्त शिक्षण संस्थाबाट अ.हे.व. वा सि.एम.ए. कोर्ष उत्तीर्ण गरेको र नेपाल मेडिकल काउन्सिलमा दर्ता भएको साथै आधारभूत कम्प्यूटर सीप सम्बन्धी कम्तीमा ३ महिना तालिम लिएको ।

**परीक्षाको किसिमः** प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन, प्रयोगात्मक र अन्तरवार्ता ।

**१४. अ.न.मी. (सहायक चौथो):-** मान्यता प्राप्त शिक्षण संस्थाबाट अ.न.मी. कोर्ष उत्तीर्ण गरेको र नर्सिङ परिषदमा दर्ता भएको साथै आधारभूत कम्प्यूटर सीप सम्बन्धी कम्तीमा ३ महिना तालिम लिएको ।

**परीक्षाको किसिमः** प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन, प्रयोगात्मक र अन्तरवार्ता ।

**१५. ल्याव असिष्टेन्ट (सहायक चौथो):-** मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. उत्तीर्ण गरी ल्याव असिष्टेन्टको १ वर्षको कोर्ष उत्तीर्ण गरी नेपाल स्वास्थ्य व्यावसायिक परिषदमा दर्ता भएको साथै आधारभूत कम्प्यूटर सीप सम्बन्धी कम्तीमा ३ महिना तालिम लिएको ।

**परीक्षाको किसिमः** प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन, प्रयोगात्मक र अन्तरवार्ता ।

**१६. पोषण सहायकः-**मान्यता प्राप्त शिक्षण संस्थाबाट १०+२ वा सो सरह उत्तीर्ण गरी आधारभूत कम्प्यूटर सीप सम्बन्धी कम्तीमा ३ महिना तालिम लिएको ।

**परीक्षाको किसिमः** प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन र अन्तरवार्ता ।

**१७. सहायक कम्प्युटर अपरेटर(सहायक चौथो):-** मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्प्युटर विषय लिई एस.एल.सी. वा सो सरह उत्तीर्ण वा मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी.वा सो सरह उत्तीर्ण गरी रजिष्टर्ड संस्थाबाट कम्तीमा ३ महिनाको कम्प्युटर तालिम प्राप्त वा मान्यता प्राप्त शिक्षण संस्थाबाट

☎035-440247
chaudandigadhimun@gmail.com
www.chaudandigadhimun.gov.np


प.सं. : ०७९/०८०
च.नं. :
मिति : २०७९/१०/१७

एस.एल.सी. वा सो सरह उत्तीर्ण गरी विज्ञान तथा प्रविधि मन्त्रालयबाट सेमी-स्किल्ड म्यानपावरको लागि सञ्चालित ३ महिनाको कम्प्युटर तालिम प्राप्त ।

**परीक्षाको किसिमः** प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन, कम्प्युटर सीप परीक्षण र अन्तरवार्ता ।

**१८. उद्यम विकास सहयोगी (सहायक चौथो):-** मान्यता प्राप्त शिक्षण संस्थाबाट कुनै पनि विषयमा प्रविणता प्रमाण पत्र वा १०+२ वा सो सरह पास गरेको साथै आधारभूत कम्प्यूटर सीप सम्बन्धी कम्तीमा ३ महिना तालिम लिएको ।

**परीक्षाको किसिमः** प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन र अन्तरवार्ता ।

**१९. नायब प्राविधिक सहायक (सहायक चौथो):-** मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी वा एस.ई.ई उत्तीर्ण गरी न्यूनतम १ वर्षे जे.टि.ए. (कृषि विज्ञान) तालिम प्राप्त वा कृषि विषय लिई टि.एस.एल.सी उत्तीर्ण भएको साथै आधारभूत कम्प्यूटर सीप सम्बन्धी कम्तीमा ३ महिना तालिम लिएको ।

**परीक्षाको किसिमः** प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन र अन्तरवार्ता ।

**२०. नायब पशु सेवा प्राविधिक (सहायक चौथो):-** मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी वा एस.ई.ई उत्तीर्ण गरी न्यूनतम १ वर्षे जे.टि.ए. (पशु विज्ञान, पशु पालन, पशु स्वास्थ्य) तालिम प्राप्त वा कृषि (पशु पालन/पशु स्वास्थ्य) विषय लिई टि.एस.एल.सी उत्तीर्ण भएको साथै आधारभूत कम्प्यूटर सीप सम्बन्धी कम्तीमा ३ महिना तालिम लिएको ।

**परीक्षाको किसिमः** प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन र अन्तरवार्ता ।

**२१. रिटर्नी स्वयंसेवक (श्रेणी विहिन):-** न्यूनतम् कक्षा १० पास गरी वैदेशिक रोजगार (खाडी मुलुक र मलेसिया) मा गई कम्तीमा १ वर्ष काम गरेको अनुभव भएको वा न्यूनतम् कक्षा १० पास गरी रिटर्नी सम्बन्धी जानकारी भएको ।

**परीक्षाको किसिमः** प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन र अन्तरवार्ता ।

**२२. भारी सवारी चालक (दमकल) (श्रेणी विहिन):-** मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा आधारभूत तह (कक्षा ८) उत्तीर्ण र भारी सवारी चालकको अनुमति पत्र प्राप्त साथै दमकल चलाएको कार्य अनुभवको प्रमाणपत्र भएको ।

**परीक्षाको किसिमः** प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन, प्रयोगात्मक परीक्षण र अन्तरवार्ता ।

**२३. हलुका सवारी चालक (श्रेणी विहिन):-** मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा आधारभूत तह (कक्षा ८) उत्तीर्ण र भारी वा हलुका सवारी चालकको अनुमति पत्र प्राप्त साथै कार्य अनुभवको प्रमाणपत्र भएको ।

**परीक्षाको किसिमः** प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन, प्रयोगात्मक परीक्षण र अन्तरवार्ता ।

कार्यअवधि,तलव तथा अन्य सुविधा : सम्झौता अनुसार हुनेछ। यसरी गरिने सम्झौता अवधि समाप्त भएपछि पुन नविकरण गर्ने नगर्ने अधिकार कार्यालयमा सुरक्षित रहने र यसमा कुनै उजुर बाजुर गर्न पाईने छैन । रोजगार सहायकको हकमा स्थानीय तहमा प्राविधिक सहायक र रोजगार सहायक पदपूर्ति सम्बन्धी मापदण्ड, २०७८ को दफा १३ र १४ बमोजिम तथा कार्यालय सँग भएको सम्झौता अनुसार हुनेछ । रोजगार सहायक पदको

# चौदण्डीगढी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
बेल्टार, उदयपुर
१ नं. प्रदेश, नेपाल

035-440247
chaudandigadhimun@gmail.com
www.chaudandigadhimun.gov.np


प.सं. : ०७९/०८०
च.नं. :

मिति : २०७९/१०/१७

पाठ्यक्रम लगायत पदपूर्ति सम्बन्धी अन्य जानकारी प्रधानमन्त्री रोजगार कार्यक्रमको website: www.pmep.gpv.np तथा www.chaudandigadhimun.gov.np बाट प्राप्त गर्न सकिने छ ।

..............................
चित्र प्रसाद गुरागाईं
प्रमखु प्रशासकीय अधिकृत

चित्र प्रसाद गुरागाँई
प्रमुख प्रशासकीय अधिकृत